# राष्ट्रिय एकताका प्रतीक पृथ्वीनारायण शाह

**ठाकुर प्रसाद बराल**


**लेखसार**

*राष्ट्र शरीर हो भने त्यस देशका नागरिक प्राण हुन् र राष्ट्रियता भावनात्मक शक्ति र आस्था हो, जसको उद्भव र विकास ती मानिसहरुमा हुन्छ, जो एउटा भूखण्डमा बस्ने एउटै जातिका हुन्छन्, जसको भाषा, धर्म, परम्परा, संस्कृति र स्वार्थहरु एकै प्रकारका हुन्छन् र जसको राजनीतिक आदर्श पनि एउटै हुन्छ । राष्ट्रियता एउटा खास भूखण्डमा सुन्दर फूलको माला झैं मालाकार रुपमा उपचयित भई बसेका मानिसहरुको अनुरागात्मक ऊर्जा र संवेग पनि हो । यसका माध्यमबाट व्यक्तिले आफूलाई आफ्नो राष्ट्रको हृदयसँग साक्षात्कार गरी आफ्नो राष्ट्रप्रति श्रद्धा, स्नेह र प्रेमभाव प्रस्फुटित गरेको हुन्छ र आफ्नो पहिचानको अनुभूति समेत गर्दछ । यो एक प्रकारले आस्था र विश्वासको संगम समेत हो जसले व्यक्तिलाई आफ्नो राष्ट्र, भाषा, धर्म, इतिहास, मूल्य, मान्यता र विश्वाससँग जोड्ने पुलको कार्य गरिरहेको हुन्छ । अर्को शब्दमा भन्ने हो भने राष्ट्रियता त्यस्तो सामूहिक भावना हो जसको आधारमा व्यक्तिले विभिन्न उपलब्धि र प्राप्ति हासिल गर्दै राष्ट्रको सांस्कृतिक, राजनीतिक मूल्यलाई समेत सर्वोपरी ठानी चुल्ठीको फूलझैं सजाएर राखेको हुन्छ । नेपालमा यो प्रकारको भावनाको प्रादुर्भाव राष्ट्रनिर्माता पृथ्वीनारायण शाहबाट नै भएको हो ।*


**शब्दकुञ्जी** : प्रतीक, स्वेच्छाचारिता, जननी, स्वर्गादपि, आभा, दीप्ति ।

## पृष्ठभूमि

संस्कृत भाषामा राष्ट्र+घ+इय+ताको संयोजनबाट राष्ट्रियता शब्द निर्माण भएको हो । "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो" (*नेपालको संविधान* २०७२, धारा ३, पृ.२)

राष्ट्रियता आफ्नै पुर्खाले पालितपोषित गर्दै हुर्काएको मौलिक सभ्यता, संस्कृति, कला, साहित्य, चालचलन आदिप्रतिको सम्मोहन, अनुराग, प्रे म र स्नेह भाव पनि हो, जुन त्यस मुलुकको मान, सम्मान, स्वाभिमान, गौर वसँग प्रत्यक्ष रुपमा गाँसिएको हुन्छ । यसको रक्षाका लागि व्यक्ति स्वयं आफ्नो जीवन उत्सर्ग एवं वलिदान गर्न र अरुमाथि जाइलाग्न पनि तयार भइरहेको हुन्छ । राष्ट्रियता त्यस राष्ट्रमा बस्ने प्रत्येक व्यक्तिको मुटु हो, जुन विना व्यक्ति मूर्दातुल्य निस्पन्द हुन्छ । प्रत्येक राष्ट्रका नागरिकको रगतका थोपा थोपामा राष्ट्रियताको ओज ओतप्रोत हुनुपर्दछ ।

## परिभाषा

राष्ट्रियता सम्बन्धी ब्लंस्लीले यस्तो परिभाषा दिएका छन्, "राष्ट्रियता एक पराम्परागत मानव समाज हो, जसमा एक व्यवसायका मानिस सम्मिलित भएका हुन्छन्, जसको विचार, भावना र स्वभाव उस्तैउस्तै हुन्छ, जसको एउटा वंश, भाषा, रीति–रिवाज र सभ्यता समान हुन्छ, जसले उनलाई एकताको भावनामा परिचित गराउँछ र अन्य विदेशीभन्दा भिन्नै हुन्छ ।" (जोशी रेग्मी, २०५८, पृ.२७५)

त्यसरी नै मिलले दिएको परिभाषा यस प्रकार छ : "मानव जातिको एक भाग जो सामान्य सहानुभूतिबाट

बाँधिएको छ भने त्यसैलाई राष्ट्रियता भनिन्छ ।" (बराल, २०६५, पृ. ३१)

जिम्मर्नले राष्ट्रियताको परिभाषा दिँदै भनेका छन्, "राष्ट्रियता राजनीतिक प्रश्न नभई आध्यात्मिक प्रश्नको हो । राष्ट्रियता धर्म झैं एक आन्तरिक भावना हो । यो आध्यात्मिक धारणा हो, अनुभव गरेर, विचार गरेर वस्ने यो एउटा तरिका पनि हो ।" (बराल,२०६५, पृ.३१)

गिल्काइष्टले चाहिं राष्ट्रियतालाई यसरी परिभाषिता गरेका छन्, "राष्ट्रियताको अभिप्राय त्यो आध्यात्मिक भावनासित छ, जो त्यो जनसमुदायमा पाइन्छ, जसका सदस्य एउटै मूल वंशका हुन्छन् । एउटै भूखण्डमा वसोवास गर्दछन्, एउटै धर्म मान्दछन् र जसको इतिहास र धर्म एउटै छ, जसको आर्थिक हित समान छ र जो राजनीतिक एकताका समान आदर्श राख्दछन् ।" (जोशी रेग्मी, २०५८, पृ.२७५)

रोजले दिएको परिभाषा अनुसार "राष्ट्रियता एक जनसमूह हो, जो अहिले राजनीतिक रुपमा संगठित छैन । आफ्नो आदर्श रुपबाट एक संगठित राष्ट्रका रुपमा रहने अभिलाषा भने राख्दछ ।" (बराल, २०६५, पृ.३१)

उपर्युक्त परिभाषाबाट राष्ट्रियता समयअनुसार परिवर्तित पनि हुन सक्छ र व्यापकतामा अनुमोदित गर्न सकिन्छ भन्ने बुझिन्छ । त्यसो भन्दैमा राष्ट्रियता भनेको कुनै अमूर्त वस्तु भने होइन । यसका आफ्नै पहिचान छन् । राष्ट्रियताले आफ्नो राष्ट्रभित्रका प्रत्येक विषयमा आफैं निर्णय गर्न पाउने धारणाको पृष्ठपोषण गरिरहन्छ । राष्ट्रिय स्वाधीनता त्यो राष्ट्रको आन्तरिक मामिला हो, जुन विरुद्ध कुनै पनि सर्त स्वीकार्य हुँदैन । एकता र आर्थिक समृद्धि यसको प्रमुख लक्ष्य हो । राष्ट्रहरुमा प्रत्येक राष्ट्रिय समूहलाई वैयक्तिकता र समान अवसरको मान्यता दिइयो भने मानव विकास र सामाजिक एकीकरणमा योगदान पुग्छ भन्ने कुरा राष्ट्रियताको अवधारणाले स्वीकार त गर्छ, तर वैयक्तिकताका नाममा उशृङ्खल, विखण्डन र स्वेच्छाचारिता भने स्वीकार गर्दैन ।

## राष्ट्रियताको मूल भाव

राष्ट्रियताको भावनाले विदेशी दासता र हस्तक्षेपका विरुद्धमा आत्मवलिदान गर्न समेत प्रोत्साहित गर्दछ । भारत, चीन, इजिप्ट, भियतनाम, दक्षिण अफ्रिका जस्ता मुलुकका जनताको त्यही भावनाले गर्दा नै ती मुलुकहरु स्वतन्त्र भएका हुन् । इजरायलको जन्म पनि यही सम्मोहनको परिणाम हो । अंग्रेजहरुको प्रभुत्व मुलुकभित्र छिर्नै नदिने तत्कालीन वीर योद्धाहरुको मातृस्नेहको प्रगाढताले नेपाल विश्वमै सधैं स्वतन्त्र मुलुकका रुपमा चिनिँदै आएको छ । हाम्रो आफ्नै गरिमामय वीरगाथा छ, जुन यही राष्ट्रियताको भावभङ्गिमाबाट उद्वेलित भएको हो । यही श्रद्धाको प्रतिफल नै कुनै खास जातिको गौरव, प्रतिष्ठा र एकता विश्वमा स्थापित हुने कडी भएको पाइन्छ । देशप्रति माया र विदेशीहरुको दासताप्रति घृणा वास्तवमा राष्ट्रियताको आभा एवं दीप्ति हो ।

## राष्ट्रियता र देशभक्ति

राष्ट्रियता देशभक्तिसँग पनि तादात्म्यता राख्दछ । देशभक्ति ईश्वरको आराधना गर्नु जस्तै धर्म भएको हुँदा कुनै व्यक्ति आफ्नो इष्ट देवताको आराधना र पूजाका लागि मरिमेट्छ । त्यसै गरी एउटा देशभक्तले आफ्नो देशलाई देवता ठान्दछ । आफ्नो राष्ट्रलाई आफ्नै आमा-वाबुलाई जस्तै माया गर्दछ । मानिस आफ्ना आमा-बाबुलाई कुनै परायाले हेप्यो भने ज्यान माया मारेर जाइलाग्छ, चिथोर्छ । "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी ।" अर्थात् आमा र मातृभूमि स्वर्गभन्दा पनि ठूला हुन् भन्ने हाम्रो सनातन संस्कृति पनि हाम्रो राष्ट्रियताको जग हो । नेपाल कदमा सानो भए पनि दुनियाँमै विशद् छ र नेपालीहरुको शान सगरमाथा जस्तै उच्च छ । त्यसैले त वालकृष्ण समको मुकुन्द इन्दिराको,"...देशभक्ति त मर्दैन चुत्थै देश भए पनि ॥" भन्ने अभिव्यक्ति सधैं मर्मस्पर्शी र हृदयस्पर्शी लाग्दछ । यसरी राष्ट्रियता त्यो मुलुकका मानिसका आत्माभित्र रौं-रौं, कण-कणमा भिज्दै सर्वव्यापी भएर स्पन्दित हुँदै सञ्चारित हुने गरेको हुन्छ । जुन राष्ट्रका मानिसहरुका

मनमष्तिष्कमा राष्ट्रियता, कौशिकीभैंं अविरल वग्दैन, त्यो मुलुकका मानिसहरु जिउँदा लास हुन् र त्यो मुलुक जिउँदै मरेका मानिसहरुको दाहस्थल हो ।

सर वास्टर स्कटले Patriotism शीर्षकको कवितामा लेखेका छन् :

Breathes there the man with soul so dead,
Who never to himself hath said…
'This is my own, native land!"…
High though his titles, proud his name,
Boundless his wealth as wish can claim;
Despite those titles, power, and pelf,
The wretch, concentrated all in self…
And, double dying, shall go down…

(bartleyby.com) लेखी सुन्दरतम शब्दपुष्पहरुमा राष्ट्रियताको भावनालाई तरङ्गित र भंकृत गर्दै देशभक्तिसँग यसरी जोडिदिएका छन् कि राष्ट्रभक्त मात्रै राष्ट्रियता र राष्ट्रिय एकताको पृष्ठपोषक हुन सक्दछ ।

**राष्ट्रियता र राष्ट्रिय एकता**

राष्ट्रियता र राष्ट्रिय एकता एक अर्काका पूरक हुन् । यी एक सिक्काका दुइ पाटा हुन् । एक नभए अर्को जीवित रहन सक्दैन । राष्ट्रिय एकताले कुनै पनि मुलुकको सर्वाङ्गीण विकास, स्वाधीनता, सार्वभौमसत्ता, क्षेत्रीय अखण्डताको प्रवर्धन गर्ने इच्छा जाहेर गरेको हुन्छ । राष्ट्रिय एकताले 'एउटा राष्ट्र राज्यभित्रका विभिन्न समूहका मानिसहरु जो विभिन्न धर्म, संस्कृति, जात र विशेषता बोकेका हुन्छन्, तिनीहरु आफूले त्यो राष्ट्रभित्र सहिष्णुता र एकता कायम राख्दै एकैठाउँमा मिलेर बस्ने प्रतिवद्धता जनाएका हुन्छन्' भन्ने अर्थ राख्छ ।

निश्चित भूभागमा बसेका मानिसहरुबीच आपसी प्रेम, सद्भाव, मेल र संरक्षण गर्ने ध्येय राष्ट्रियताको भावनामा रहेको हुन्छ भने यही विशेष बानी-व्यहोरा, परम्परा, रीति-रिवाज र सांस्कृतिक सम्पदालाई सग्लो रुपमा स्थापित गर्ने काम राष्ट्रिय एकताले गर्दछ । एउटै जातका मानिसका भाषा, धर्म, संस्कृति, परम्परा, इतिहास र समस्याहरु एउटै हुने हुनाले त्यस्ता मुलुकमा राष्ट्रियताको भावना बढी प्रवल रहेको हुन्छ । तर कुनै पनि मुलुक एकल जातको नहुन सक्छ । त्यस्तो अवस्थामा विभिन्न जातका धर्म, संस्कृति, परम्परा तथा इतिहासलाई एउटै मालामा उन्ने काम भने राष्ट्रिय एकताको भावनाले गर्दछ । तर यसैलाई राष्ट्रियताको शान भने मान्न सकिंदैन । (नोल्स, पृ.५)

कुनै पनि राष्ट्रमा धर्म-संस्कृति, भाषा-साहित्य, रीति-रिवाज, विचार, रहनसहन फरक हुन सक्दछन्, तर विविधता बीच एकता कायम गर्न र फरक जीवन शैली, रहनसहनका बीचमा सामन्जस्य कायम गरी एक प्रवल सांस्कृतिक एकाइ निर्माण गर्न राष्ट्रिय एकताको भावनाले पृष्ठपोषण गरिरहेको हुन्छ ।

मुलुकमा भएका विविधतालाई स्वीकार्दै राष्ट्रको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुर्‍याउने काम राष्ट्रिय एकताको भावनाले गरिरहेको हुन्छ । एउटै धार्मिक विचारका मानिसहरुको एकताले राष्ट्रियताको विकासमा टेवा पुर्‍याइरहेको हुन्छ । अझ धेरै धर्महरु बीच एकता कायम गर्न सकियो भने त्यस्तो मुलुकको सर्वपक्षीय विकास झन् तीव्र गतिमा हुन्छ । सबै धर्म समान हुन् र तिनीहरुले मानेका ईश्वर, अल्लाह, येशु सबै उस्तै हुन् । तिनलाई आफ्नै भैंं मान्नु र सबै धर्मावलम्वी, जात-जातिका चलन, भाषा र संस्कृति आफ्नै समान हुन् भन्ने भावनाले राष्ट्रिय एकतामा वृद्धि गर्दछ । कसैको आस्थामाथि कसैको दमन र अतिक्रमण सह्य हुन सक्तैन । कुनै पनि मुलुकको निर्माणको क्रममा पुर्खाहरुको गौरवमय इतिहास र स्मृति, समान राजनीतिक आस्था, प्रेरणा, समान राष्ट्रिय हित तथा स्वार्थहरुले मुलुकमा राष्ट्रियताको भावनालाई जागृत गर्दछ भने तिनीहरुकाबीचमा तादात्म्यता राख्दै मुलुकको सर्वाङ्गीण विकासमा त्यसलाई शक्तिकारुपमा प्रयोग गर्न सकियो भने त्यस मुलुकको भाग्य पूर्णिमाको चन्द्रमा भैंं शीतल र चमकदार वन्न सक्छ ।

**राष्ट्रियताको अवधारणाको विकास**

मानिसहरुलाई सुरक्षा, इच्छा, चाहनाहरुले पिरोल्दै गएपछि तिनको परिपूर्तिका लागि राज्य स्थापनाको चाहना भयो र जीवनलाई अझ सुखी र सुरक्षित कसरी वनाउने भन्ने मानिसले खोज गर्न थाल्यो। त्यसका लागि मानिसले समूह र समाज निर्माणमा लाग्यो र आफ्नो स्वार्थका लागि समूह निर्माण गर्नाले राज्यमा आफ्नो समेत हित देख्न थाल्यो। यसरी नजानिँदो क्रममा नै मानिसले राष्ट्रियता र राष्ट्रिय एकताको भावनाको विकास गऱ्यो।

राष्ट्रियताको भावनाको विकास पश्चिमी जगतमा पूँजीवादको विकाससँगै अठारौं शताव्दीतिर भएको हो। जर्मनी र इटालीको एकीकरण अभियानसँगै उग्र राष्ट्रियताको भावना विकसित भई प्रथम र दोस्रो विश्वयुद्धको विध्वंससमेत मानिसले भोग्नुपऱ्यो। पछिल्लो समय निर्माण भएका एसियाली, अफ्रिकी र ल्याटिन अमेरिकी मुलुकहरुले राष्ट्रवाद र राष्ट्रियतालाई आदर्श मान्न थाले। तत्काल जागृत अवधारणाले उपनिवेशवादी शक्तिहरुबाट स्वतन्त्र रहन अहम् भूमिका निर्वाह गऱ्यो। यी मुलुकहरुमा विकास भएको राष्ट्रियता त्यस बखत केवल उपनिवेशवाद विरोधी विचारको साझा मुद्दा मात्र थियो।

वर्तमानमा राष्ट्रियताको भावना पुनर्जागृत भएको कारणले अमेरिकामा राष्ट्रपति ट्रम्पको विजय, वेलायतको यूरोपियन समुदायबाट अलग्गिने निर्णय र भारतमा प्रधानमन्त्री मोदीको उदय भयो। चीनमा सि र नेपालमा प्रम ओलीको सत्तारोहणलाई वास्तवमै यही राष्ट्रियताको भावनाको पुनर्जागरणको प्रतिविम्वकारुपका देख्न सकिन्छ। लिपुलेक भारतको नक्सामा राखिएकोमा भइरहेको विरोधको शृङ्खला पनि नेपालीले राष्ट्रियताप्रति देखाएको सद्भावका रुपमा लिन सकिन्छ। हरेक मुलुकको राष्ट्रियताको आफ्नै इतिहास हुन्छ। त्यसैभित्र त्यहाँको राष्ट्रियता, राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमसत्ता विकसित हुँदै आएको हुन्छ। त्यहाँको आफ्नै परम्परा,भूगोल, इतिहास, सभ्यता, संस्कृति, कलाले उसको राष्ट्रियता तथा राष्ट्रिय एकताको आधारस्तम्भ खडा गरेको हुन्छ।

**नेपालमा राष्ट्रियताको भावना**

पृथ्वीनारायण शाहबाट खण्डित टाकुरे राज्यहरुलाई एकीकृत गर्ने अभियान शुरु भएपश्चात् नै नेपाली राष्ट्रियता तथा राष्ट्रिय एकताको भावना मुखरित हुन थालेको हो। प्रकारान्तरमा पृथ्वीनारायण शाह सहजरुपमा राष्ट्र निर्माता, राष्ट्रियता एवं राष्ट्रिय एकताको प्रतीकका रुपमा स्थापित हुन पुगे। उनी नभएका भए अहिले नेपाल भन्ने मुलुक नै रहने थिएन भन्नु अतिशयोक्ति हुँदैन, बरु सत्य बोध गराएको हुन्छ। तत्कालीन नेपाली राष्ट्रियताका आधारहरु राजसंस्था, सनातन धर्म र एकात्मक राज्य प्रणाली नै थिए। आज उनैबाट स्थापित राष्ट्रियताको त्यान्द्रो समातेर हामी "सयौं फूलका थुङ्गा" भनी गर्व गरिरहेका छौं। "श्री ५ पृथ्वीनारायण शाहको हृदय देशभक्तिमा चुर्लुम्म डुबेको थियो। विजय उनको जीवनको लक्ष्य त त्यस लक्ष्यको नियामक शक्ति उनको हृदयमा रहेको देशभक्ति थियो। देशभक्त, साहसी, योद्धा, संगठनकर्ता र सेनापतिका सबै गुणहरु एकसाथ उनमा विद्यमान थिए त्यसैले नयाँ अधिकार गरेको विस्तृत भूभाग एक संगठित केन्द्रीय शासनको अधीन होस्। तिनमा बसोबास गर्ने विभिन्न सम्प्रदाय र जातिका जनसाधारणले निर्भय भएर सुरक्षाको उपभोग गर्न पाउन् र उनीहरुको दमन नहोस् भन्ने कुरामा उनी सदा प्रयत्नशील रहन्थे।" (आचार्य , २०६१, पृ.५५४)

उनको "यो मेरा साना दुःखले आर्ज्याको मुलुक हैन। नेपाल चार वर्ण छत्तीस जातको साझा फूलबारी हो र सबै मिलिजुली यसको रक्षा गर्नु पर्दछ।" भन्ने भनाइबाट नै स्पष्ट हुन्छ कि उनले सिर्जना गरेको यो फूलबारीरुपी मनोरम भूखण्ड साझा हो यसलाई सबै मिलेर रक्षा गर्नुपर्दछ। उनी छिन्नभिन्न भएका विभिन्न राज्यलाई एकीकरण गरी एउटा सवल राज्य निर्माण

गर्न चाहन्थे र एउटा सवल राष्ट्रियतायुक्त, बहुजातीय, बहुभाषिक राज्यका रुपमा नेपाललाई स्थापित गर्दै परत्रबाट हुने भयबाट मुक्त, स्वतन्त्र, स्वाधीन केन्द्रीय राज्य स्थापित गर्न चाहन्थे । तसर्थ जुनसुकै मूल्य र आस्थामा पनि पृथ्वीनारायण शाह नेपालका अधिष्ठाता तथा निर्माणकर्ता र राष्ट्रिय एकताका प्रतीकका रुपमा स्थापित भएका छन् ।

"ब्राम्हणक्षत्रियविशां शुद्राणं च परन्तप ।
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः॥"

श्रीमद्भगवदगीता १८/४१

यसको श्लोकको वास्तविक अर्थ बुझ्न सक्यौं र व्यवहारमा लागू गर्न सक्यौ भने मात्र हामीले जात र धर्म बुझ्ने हुन्छौं र पृथ्वीनारायणको योगदानको वास्तविक अर्थ बुझ्न सक्दछौं । त्यही अनुकूल आचरण गर्नाले हाम्रो राष्ट्रिय एकता मजबूत बन्न सक्दछ ।

पृथ्वीनारायण शाहलाई अपमान गर्नेहरु पनि पाइन्छन्, तर उनमा कुनै खोट लाउनुपर्ने देखिंदैन । उनको समयमा यस क्षेत्रमा अनेक वहानामा ससाना राज्यभित्र पसेर विदेशी प्रभुत्व स्थापित गर्न चलखेल भइरहेको थियो, जसलाई रोक्नु समयको माग नै थियो । उनी त त्यही परिस्थितिका उपज र निमित्त मात्र हुन् । त्यसैले उनी आफ्नो समयको नायक हुन्, जो अहिले पनि नेपाली राष्ट्रियता र राष्ट्रिय एकताका वरदान सावित भएका छन् । उनैको दूरदृष्टिकै कारण नेपालको अस्तित्व आजसम्म जीवित रहन पुगेको हो र हामी आफूलाई नेपाली भनेर गौरवका साथ उच्चशिर राखेर उभिन सक्ने भएका छौं ।

नेपाली राष्ट्रियताको आधार यस क्षेत्रको विविधतालाई एउटै सूत्रमा गाँसी देशलाई विखण्डन तथा पराधीन हुनबाट बचाएर विभिन्न जातजाति, भाषाभाषीलाई एकताको सूत्रमा बाँधी, एउटै नेपाली साझा जाति, सभ्यता र संस्कृतिमा एकतावद्ध गर्ने काम यदि कसैले गरेको हो भने त्यो पृथ्वीनारायण शाह बाहेक अरुले होइन । उनकै नेतृत्वमा आज नेपाल स्वजातीय संस्कृति, सभ्यता र कलाको निर्माण गर्न सफल राज्य वनेको छ । यस कार्यमा बहादुर शाह, राज्य लक्ष्मी शाह, भीमशेन थापा, अमरसिंह थापा, भक्ति थापा, वलभद्र कुँवर जस्ता सयौं सपूतहरुको नाम पनि जोडिन्छ । यही वीर गोरखाली सपुतहरुको रगतले सिंचित तथा जीवन्त राखेको नेपाल अहिले पनि बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक, बहुधार्मिक, भौगोलिक विविधताका वीचमा पनि एउटा स्वतन्त्र, अविभाज्य र स्वाधीन राज्यका रुपमा विश्वका सामु आफ्नो शिर ठाडो पार्दै अस्तित्वमा रहेको छ । पृथ्वीनारायण शाह नभएको भए न नेपाल रहन्थ्यो न नेपाली रहन्थे । नेपाल नरहे न नेपाली रहन्छन् न त बाहुन, क्षेत्री, किराँत, नेवार, हिन्दू, बौद्ध, मुश्लिम, क्रिश्चियन रहन्छन् भन्ने भावनाको विकास भएन भने नेपाल भन्ने मुलुक विश्व मानचित्रमा हराउनेछ । त्यसैले नेपालको अखण्डता नै नेपाली राष्ट्रियताको आधार हुनुपर्दछ । मुलुकको राष्ट्रियता बलियो बनाउन मुलुकभित्रका विविधताहरुको संरक्षण, सम्बर्द्धन र विकास गर्नु जरुरी छ भन्दै पृथ्वीनारायण शाहले उपत्यका विजय गर्नुसँगै नेपाल सबै जातको साझा फूलवारी हो भनी मार्गनिर्देश गरेको र सोही अनुरुपको नीति समेत तय गरेका थिए । राष्ट्रियता जगेर्ना गर्ने महत्त्वपूर्ण कवच नै भौगोलिक अखण्डता र सार्वभौमिकताको रक्षा हो । राष्ट्रियताको भावनाले नै त्यस मुलुकका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा धार्मिक पक्षबीचको बलियो एकता हो । मुलुकको विकासको महत्त्वपूर्ण कडी पनि त्यहाँका जनतामा समस्या समाधानमा कस्तो प्रकारको एकता छ ? भन्ने कुराले निर्क्योल गर्दछ । पृथ्वीनारायण शाहले दक्षिण एसियालाई नै विदेशीहरुले खर्लप्पै निल्न लागेको अवस्थामा नेपालीहरुका बीचमा एकता र देशभक्तिको जुन शिक्षा दिए, त्यही शिक्षाको उपज नै हो आजसम्म जीवन्त रहेको नेपाली राष्ट्रियता । यसलाई बलभद्र, भक्ति थापा जस्ता वीर सपूतहरुले जीवन उत्सर्गका साथ फुलाए हुर्काए, जुन आज पनि संसारप्रसिद्ध छ । उनले नेपाललाई दुइ ढुंगाबीचको तरुल मान्दै मुलुकको

सामरिक महत्त्वको पूर्वसंकेत दिए। यस पछिका दिनहरुमा पनि नेपाल र नेपालीहरुले राष्ट्र, राष्ट्रियता र राष्ट्रिय एकताका लागि खेलेको भूमिकामा कुनै खोट लाउने ठाउँ नै छैन ।

## निष्कर्ष

पृथ्वीनारायण शाह र उनले गरेका कार्यहरुले वास्तवमै नेपाली नेपालीबीच एकताको भावना सिर्जना गर्दछ। जुनसुकै भूभाग, क्षेत्र र स्थानमा वसे पनि हामी नेपाली एउटा जाति हौँ र हाम्रो एउटै अभीष्ट छ र हुनुपर्दछ, जुन बिना स्वार्थ  समग्र मुलुक र यहाँका बासिन्दाको समृद्धि र उत्तरोत्तर प्रगति नै हामी सबैको साझा उन्नति हो भन्ने सोच भएमा हामी समग्रको कल्याण हुनेछ। त्यसैले पृथ्वीनारायण शाहका कार्यहरुलाई समस्त नेपालीले आत्मसात् गर्नुपर्दछ। त्यसमा नै हाम्रो कल्याण हुनेछ। यसले हाम्रो राष्ट्र र राष्ट्रिय एकता सवल र सुदृढ बन्ने आशा गर्न सकिन्छ।

## सन्दर्भ सामग्री सुची

आचार्य, बाबुराम (वि. सं २०६१) *श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी,* काठमाडौंः श्री ५ महाराजाधिराजका संवाद सचिवालय, राजदरवार ।

गोविन्द भवन कार्यालय, (वि सं २०५७) *श्रीमदभगवद्‌गीता और विष्णु सहस्रनाम,* गोरखपुर : गीताप्रेस ।

जोशी, रेग्मी सुरेन्द्रप्रसाद, (२०५८) *राजनीतिक चिन्तन र वादहरु,* काठमाडौं सुकन्दा पुस्तक भवन ।

नोल्स, टुल्ली सी, *वाट इज नेसनालिटी,* भोल.१० पृ ५ जर्नल आर्टिकल, युनिभर्सिटी अफ क्यालिफोर्निया प्रेस, जिस्टोर, ओ आर जी ।

बराल, ठाकुरप्रसाद (२०६५) *बत्तीस राजनीतिक बादहरु,* काठमाडौं पिनाकल पब्लिकेशन ।

Scout, S.W. Patrotism Great books online.